# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, मंसीर १४ गते २०५८ साल (अतिरिक्ताङ्क ५२

## भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५८ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०५८/५९ को निमित्त श्री ५ को सरकारको अर्थ सम्वन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले राष्ट्र ऋण उठाउन सक्ने अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०५८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्र ऋण उठाउने अधिकार : (१) आर्थिक वर्ष २०५८/५९ को निमित्त श्री ५ को सरकारको अर्थ सम्वन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले आर्थिक वर्ष २०५७/५८ को अन्त्यमा ओभरड्राफ्ट वापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रु.९,००,००,००,०००/- (नौ अरब रुपैयाँ) मा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उठाउन पाउने राष्ट्र ऋण रकममा नबढ्ने गरी श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकसंग आपसी हिसाब मिलान गर्ने गरी आर्थिक वर्ष २०५८/५९ मा रु. १,००,००,००,०००/- (एक अरब रुपैयाँ) सम्म ओभरड्राफ्ट लिन सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६९४

(३) श्री ५ को सरकारले आर्थिक वर्ष २०५७/५८ सम्मको नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी ओभरड्राफ्टलाई श्री ५ को सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ ।

(४) यस दफा बमोजिम उठाईएका राष्ट्र ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०१७ बमोजिम हुनेछ ।

लालमोहर सदर मिति:- २०५८।८।१४।५

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार